# सारांश

# इनेब्लिङ्ग स्टेट प्रोग्राम (इएसपी) नेपाल

### *संयुक्त अधिराज्य बेलायतले के कस्तो सहयोग उपलब्ध गराउँदछ ?*

संयुक्त अधिराज्य बेलायतको अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआईडी) नेपालको इनेब्लिङ्ग स्टेट प्रोग्राम (इएसपी)को समयावधि एक वर्ष थपिने र यसका लागि बेलायत सरकारद्वारा ५८ लाख स्टर्लिङ पाउण्ड अतिरिक्त सहायता उपलब्ध गराइने भएको छ । डिसेम्बर २०१२ मा समाप्त हुन लागेको इएसपीको बजेट हाल २ करोड ७५ लाख पाउण्ड छ । अबको विस्तारसँगै इएसपीको कार्यक्रम डिसेम्बर २०१३ मा अन्त्य हुनेछ र कूल खर्च ३ करोड ३३ लाख पाउण्ड पुग्नेछ ।

इएसपीको व्यवस्थापन 'जिआरएम इन्टरनेशनल'ले गरिरहेको छ, जसलाई अन्तर्राष्ट्रियस्तरको प्रतिस्पर्धाबाट छनौट गरिएको हो । जिआरएम इन्टरनेशनलले डिसेम्बर २०१० देखि इएसपीको व्यवस्थापन थालेको हो ।

### *बेलायतको सहयोग किन आवश्यक छ ?*

डिएफआईडीको सहयोगमा सञ्चालित इएसपी कार्यक्रम नेपालमा द्वन्द्वको दशकको मध्यतिर अर्थात् सन् २००१ मा शुरु भएको थियो । कार्यक्रमको बजेट प्रारम्भमा १ करोड ९५ लाख पाउण्ड थियो, तर पछि यसमा संशोधन भएर २ करोड ७५ लाख पाउण्ड भयो । तीब्ररुपमा परिवर्तन भइरहेको र राजनीतिक वातावरण पनि नाजुक रहेको अवस्थामा सुशासनका क्षेत्रमा मद्दत पुर्‍याउने डिएफआईडी-नेपालको 'इएसपी' लचिलो कार्यक्रमको रुपमा रहेको प्रमाणित भएको छ । विगत दशकको अवधिमा कार्यक्रममा थप विकास भएको थियो । इएसपीको प्रभाव र उपलब्धि अझै पनि सान्दर्भिक छ ।

नेपालमा इएसपी विशिष्ट किसिमको कार्यक्रम हो, जसले सुशासनका विषयमा माग र आपूर्ति दुवै पक्षलाई सम्बोधन गर्दछ । नेपालमा अरुहरुसँग कुनै एउटै दातृ निकायका कार्यक्रममा यस्तो विविधता रहेको पाइँदैन । इएसपी निर्वाचनमा सुधार, अधिकार र लोकतन्त्र तथा संवैधानिक प्रक्रियामा दातृ निकायहरुसँग सम्बन्ध राख्ने सक्षम संयन्त्र पनि हो ।

दिगो र समावेशी राजनीतिक व्यवस्थाको स्थापना तथा सक्षम र क्रियाशील राज्य निर्माण नै नेपालमा प्रमुख चुनौतीको रुपमा रहेको छ । अहिले व्यापकस्तरको द्वन्द्वको पुनरागमनको सम्भावना नरहे पनि शान्ति प्रक्रिया सम्पन्न हुन र संविधान निर्माणका क्रममा कतिपय आधारभूत विषय सुल्झाउन बाँकी नै छ । यी दुईवटै प्रक्रिया सम्पन्न गर्न र मस्यौदा संविधान जारी गर्न सकिए राजनीतिक समाधानका निम्ति योगदान मिल्नेछ । तर, यो समाधानमा प्रभावकारिता ल्याउन राज्यसँग (सबै तहमा) वस्तु तथा सेवा प्रवाह गर्ने बढी सक्षमता हुनु पर्दछ र नागरिकको वैधानिक मागप्रति राज्य अझ बढी समावेशी र जवाफदेही हुनु पर्दछ ।

इएसपीको लागत तथा समयावधिको सान्दर्भिकता निम्न कुराहरुमा पनि आधारित छः इएसपी वार्षिक समीक्षा, इएसपी रणनीतिक योजना तथा डिएफआईडी नेपालको शान्ति, राज्य निर्माण र सामाजिक समावेशीकरण सम्बन्धी कार्यसञ्चालनको नीतिगत प्राथमिकता । इएसपीको समीक्षा (मार्च २०११) ले कार्यक्रममा निम्न परिवर्तन गर्न सुझाव दिएको थियो, जसबाट इएसपीले आफ्ना उपलब्धिहरु हासिल गर्ने सर्वाधिक सम्भावना छः

- नेपाल सरकारका लागि स्थापित संस्थाहरु (जस्तैः संवैधानिक संवाद केन्द्र) तथा नेपाल सरकारसँग मिलेर काम गर्ने संस्थाहरु (जस्तैः द एसिया फाउन्डेशन) मार्फत् राज्य पुनर्संरचना र सङ्घीयताजस्ता मुख्य क्षेत्रहरुमा तत्काल एवम् लचिलो सहायता बृद्धि,
- लोकतन्त्रलाई संस्थागत गर्नेतर्फ सहयोग विस्तार (खासगरी, राजनीतिक दलभित्र सुधारका साथै संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम र द कार्टर सेन्टरमार्फत् निर्वाचनसँग सम्बन्धित सहयोगको निरन्तरता),

- राज्यलाई जिम्मेवार बनाउनका लागि नागरिक समाजसँगको साझेदारीमा अभिवृद्धि,
- इएसपीका सम्पूर्ण कार्यहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (जेसी) लाई राम्रोसँग एकीकृत गर्ने कार्य र सरकारी एवम् साझेदार संस्थाहरुमा पनि बलियोरुपमा जेसीको प्रयोग, र
- डिएफआईडीको भावी कार्यक्रमका निम्ति सुशासन सुधारको असरसम्बन्धी दरिलो प्रमाणमा आधारित अनुगमन, सिकाइमा बढी समय र स्रोत-साधनको लगानी ।

डिसेम्बर २०१२ सम्म आफ्नो कार्य सञ्चालन गर्नका लागि इएसपीसँग १६ लाख पाउण्ड मात्र छ । त्यसैले यसले नयाँ प्राथमिकताका क्षेत्रमा समय र स्रोत-साधन उपलब्ध गराउने छैन । कार्यक्रमलाई एक वर्ष अझ बढाइयो (२०१३ को अन्त्यसम्म) र थप स्रोत-साधन उपलब्ध गराइयो भने डिएफआईडीलाई तलका परिणामहरु हासिल गर्न सघाउ पुग्नेछ ।

'लागत समयावधि छनोट' को स्वीकृतिपश्चात डिएफआईडीको खरीद समूहले इएसपीको व्यवस्थापन गरिरहेको जिआरएम इन्टरनेशनलका निम्ति करार नवीकरण गर्नेछ । डिएफआईडीले जिआरएम इन्टरनेशनललाई थप रकम उपलब्ध गराउने छ । करार संशोधन शुरुकै शर्तनामाको परीधिमा रहेर हुनेछ ।

## *अपेक्षित परिणामहरु के हुन् ?*

**परिणामहरु**

धेरै कुराहरु एउटै नयाँ छाताभित्र अटाउने खालको यथार्थपरक तार्किक ढाँचा (लगफ्रेम) निर्माण गरिएको छ र यसले इएसपीका सबै अर्थात् तीनवटै कोष (इनेब्लिङ स्टेट फण्ड - इएसएफ, राइट्स डेमोक्रेसी एण्ड इन्क्लुजन फण्ड - आरडीआइएफ र सोसल इन्क्लुजन एक्सन फण्ड - एसआइएएफ) लाई समेट्दछ । यो नयाँ 'छाता-लगफ्रेम'को प्रभाव र उपलब्धि विगतको इएसपी लगफ्रेममा झैं उस्तै नै छ । तर, नयाँ प्राथमिकतालाई समेट्नेगरी उपलब्धिहरुलाई भने परिवर्तन गरिएको छ र इएसपीको परिणाममा सुधार गरिएको छ । नयाँ लगफ्रेम वित्तीय तथा मानवीय स्रोत-साधन (इन्पुट) बीच स्पष्ट सम्बन्ध स्थापित गर्ने र उपलब्धि एवम् प्रगतिलाई देखाउने गरी तयार पारिएको छ ।

कार्यक्रमका निम्ति छानिएका राज्यका निकायहरु समावेशी, सक्षम र जवाफदेही हुन मद्दत पुऱ्याउने छ । कार्यक्रमको उपलब्धिका रुपमा राज्यका निकाय र नागरिकले समावेशी तथा क्रियाशील नीति र कार्यक्रमलाई प्रबर्द्धन गर्नेतर्फ मिलेर काम गर्नेछन् ।

**इएसपीका चार अपेक्षित उपलब्धिहरु निम्न छन् :**

१. **अभिव्यक्ति र जवाफदेहिता:** नागरिक समाजका साझेदारहरुको क्षमता बढाई निर्णयकर्ताहरुलाई जवाफदेही बनाउने र हक अधिकारमा उनीहरुको पहुँच स्थापित गर्ने ।

२. **राज्यको सक्षमता:** छनोटमा परेका राज्यका संस्थाहरु र राजनीतिक दलहरुलाई अझै बढी सक्षम बनाउने ।

३. **क्षमता विकास:** लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मापन गर्न एवम् जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न इएसपीका कर्मचारी र साझेदार संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने ।

४. **जानकारी र प्रमाण:** राज्यका निकायहरु, नागरिक समाज र दातृ निकायहरुका निम्ति सार्वजनिक जानकारी, राम्रा प्रमाण तथा विश्लेषणका लागि सहयोग पुऱ्याउने ।

### इएसपीको समय र लागत विस्तारले थप उपलब्धि हासिल गर्ने अवसर जुट्नेछ :

**इएसपीको विज्ञता र विश्लेषणले मुख्य सुधार प्रक्रियाका लागि सरकारको सक्षमता पनि बढाउने छ :**

क. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र अन्य प्रमुख सरकारी निकायहरुले सङ्घीयता र राज्य पुन:संरचनामा नेतृत्व गर्नेगरी आफूलाई राम्रोसँग तयारी गर्न सक्दछन् (मुख्य मन्त्रालयहरु र विभागहरुको आवश्यकता मूल्याङ्कन, रणनीतिक योजना सञ्चालन र अन्तर-निकाय स्टेयरिङ कमिटीको सञ्चालन) ।

ख. ५०,००० स्थानीय राजनीतिक व्यक्ति, प्रशासक र नागरिकहरु (खासगरी सिमान्तकृत समुदायहरुबाट)

संविधान निर्माण प्रक्रियाका बारेमा बढी जानकार हुनेछन् र उनीहरु मस्यौदा संविधानको विषयवस्तुमाथि संविधान-सभाका सदस्यहरुसमक्ष आफ्ना धारणा राख्न सक्षम हुनेछन् ।

ग. नेपालका छवटा प्रमुख राजनीतिक पार्टीहरुको आफ्नो आन्तरिक क्षमता, जवाफदेहिता र जनताका आवाज सम्बोधन गर्नसक्ने क्षमता बढ्ने छ (राजनीतिक दलसँगको संयुक्त प्रयासलाई सहयोग गर्नका लागि नमूना कार्यक्रम शुरु गरिने छ) । (तर पछि यो कार्यक्रम शुरु गरिएन ।)

**लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई छनौटमा परेका सरकारी निकाय र तिनका नीतिहरुमा एकीकृत गरिने छ :**

क. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले लैङ्गिक हिंसासम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन गर्नेछ ।

ख. राष्ट्रिय योजना आयोगले गरिब र बहिष्करणमा परेकाहरुप्रति सरकारी सेवामा लक्षित गरी 'जेसी (लैङ्गिक समानता एवम् सामाजिक समावेशीकरण) सूचक'लाई राष्ट्रिय मूल्याङ्कन/अनुगमन प्रणालीमा समायोजन गर्नेछ ।

ग. नयाँ नियुक्त भएका सरकारी कर्मचारी र माथिल्लो तहका सरकारी कर्मचारीलाई लैङ्गिक समानता एवम् सामाजिक समावेशीकरणका विषयमा जानकारी गराइने छ । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा यससम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी उनीहरुकै सहभागितामा कार्ययोजना तयार पारिने छ ।

घ. निजामती किताबखानालाई निजामती सेवाको अभिलेख विश्लेषण गरी निजामती सेवामा जेसी (लैङ्गिक समानता एवम् सामाजिक समावेशीकरण) को अवस्था विश्लेषण गर्न सहयोग गरिने छ ।

**अभिव्यक्ति र जवाफदेहिताका निम्ति बलियो नागरिक समाज :**

क. नागरिक समाजका २० वटा थप संस्थाहरु सिमान्तकृत समूहको अधिकारका निम्ति पैरवी गर्न सक्षम हुनेछन् जसले समुदायमा आधारित ४६० वटा समूहमार्फत् कार्य गर्नेछन् ।

ख. इएसपीका विद्यमान १५ वटा नागरिक समाजका साझेदारहरुले मानवअधिकार, समावेशीकरण र लोकतन्त्रका कार्यहरुलाई अझ प्रोत्साहित गर्ने र रचनात्मक पैरवी तथा आन्तरिक जवाफदेहिताका निम्ति आफ्नो क्षमतालाई सुदृढ गर्नेछन् ।

**प्रमाण र विश्लेषणको गुणस्तर र पहुँचमा सुधार :**

क. इएसपीले सुशासन सुधारका निम्ति उपलब्ध अवसरहरुलाई प्रभावकारीरुपमा सम्बोधन गर्नेछ र कम्तीमा छवटा नीतिगत दस्तावेज, दुईवटा सुशासन कार्यक्रम तथा मुख्य सुधार प्रक्रियाका कम्तीमा तीनवटा राजनीतिक-आर्थिक विश्लेषणमार्फत् विस्तृत रुपको विश्लेषण र प्रमाण सङ्कलन गर्नेछ ।

ख. डिएफआईडीको सुशासन तथा सुरक्षा टोली सुशासन सुधार प्रक्रियामा सहभागी हुनका निम्ति नेपालको राजनीतिक-आर्थिक, शान्ति प्रक्रिया, संवैधानिक विकास र अवसरका बारेमा राम्रोसँग सुसूचित हुनेछ ।

ग. डिएफआईडीको सुशासन तथा सुरक्षा टोली इएसपीको अनुगमन, मूल्याङ्कन र सिकाइ प्रक्रियाको सुधारमा आधारित भएर सन् २०१३ पछिको सुशासन कार्यक्रम निर्माणमा अझ राम्रोसँग सक्षम हुनेछ ।

उपलब्धि हासिल गर्नेतर्फ इएसपीको प्रगतिलाई नजिकबाट अनुगमन गरिने छ । अनुगमन र मूल्याङ्कन योजना निर्माण गर्ने कार्य पनि भइसकेको छ । साझेदारहरुसँग सम्पन्न गरिने प्रत्येक सम्झौताका निम्ति अपेक्षित उपलब्धिलाई अनुगमन गर्न इएसपीले बेसलाइन, महत्वपूर्ण प्रगति र लक्ष्यलाई परिभाषित गर्नेछ । यसले आर्थिक तथा मानव स्रोत-साधनबीच स्पष्ट सम्बन्ध देखाउन मद्दत गर्नुका साथै उपलब्धि र तत्सम्बन्धी परिणामका क्रियाकलापहरु पनि प्रस्तुत गर्न सहयोग गर्नेछ । यो कार्यबाट प्रत्येक परिणामको कार्यसम्पादन मूल्याङ्कन गर्न सहज हुनेछ । वार्षिक एवम् वित्तीय समीक्षाका अलावा सन् २०१३ मा एउटा स्वतन्त्र मूल्याङ्कन गर्ने योजनासमेत तयारीको क्रममा रहेको छ ।